मिति २०७६/०१/२४ गतेमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रीस्तर) निर्णयानुसार स्वीकृत

## "एग्रोमार्ट स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"

**प्रस्तवानाः** कृषि उपजहरुबाट कृषकहरुलाई उचित प्रतिफल दिलाउन तथा उपभोक्ताहरुलाई सहजरुपमा एकै स्थानबाट दैनिक उपभोगका लागि सरल, सुलभ, ताजा तथा गुणस्तरयुक्त स्वदेशी उत्पादन तथा स्थानीय कृषि उपजहरु उपलब्ध गराउन जनघनत्वको आधारमा यस प्रदेश भित्रका उप-महानगरपालिका वा नगरपालिकामा व्यवसायी, निजी कम्पनी वा सहकारीलाई प्रत्यक्षरुपमा समावेश गरी पूर्वाधार निर्माणमा सहयोग गर्न, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतको निकायको स्वीकृत वार्षिक कार्यक्रम निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा एग्रोमार्ट स्थापना तथा सञ्चालन कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "एग्रोमार्ट स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" स्वीकृत गरी लागू गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "एग्रोमार्ट स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "एग्रोमार्ट" भन्नाले गुणस्तरीय कृषि उपजहरु उपभोक्तालाई वातानुकूलित अवस्थामा उपलब्ध गराउन स्थापना गरिएको स्थललाई सम्झनु पर्छ।

(ख) "अनुदान" भन्नाले यस कार्यक्रम सञ्चालन विधि अनुरुप एग्रोमार्ट स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउन व्यवसायी, निजी संस्था वा सहकारीलाई उपलब्ध गराईने नगद अनुदान रकमलाई सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले एग्रोमार्ट स्थापनाको लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यक्रमलाई सम्झनु पर्छ।



सचिव

(घ) "कार्यालय" भन्नाले कृषि विकास निर्देशनालय वा कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र वा कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

(ङ) "निजी संस्था" भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग विभाग वा वाणिज्य विभागमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(च) "प्रस्ताव" भन्नाले व्यवसायी, निजी संस्था वा सहकारीले एग्रोमार्ट स्थापनाको लागि अनुदान पाउन पेश गरेको आवेदनको विवरणलाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) "व्यवसायी" भन्नाले नियमानुसार दर्ता भई व्यवसाय सञ्चालन गर्दै आएका उद्यमीलाई सम्झनु पर्छ।

(झ) "साझेदार संस्था" भन्नाले यस कार्यविधि अनुरुप एग्रोमार्ट स्थापनाका लागि आवेदन दिने सहकारी संस्था, व्यवसायी र निजी संस्थाहरुलाई सम्झनु पर्छ।

(ञ) "स्वदेशी उत्पादन" भन्नाले देशमा उत्पादित फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन, अदुवा, अलैंची, बेसार, टिमुर, च्याउ, मह, पशुपन्छी तथा मत्स्यजन्य उपज लगायतलाई सम्झनु पर्छ।

३. <u>कार्यक्रमको उद्देश्यः</u> कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछः-

(क) स्वदेशी उत्पादनलाई प्रोत्साहन तथा प्रवर्द्धन गरी उचित बजारीकरणको व्यवस्था गर्न सहयोग पुऱ्याउने, र

(ख) उपभोक्तालाई सुलभ दरमा वर्षै भरि गुणस्तर युक्त स्वदेशी उत्पादन आपूर्ति गर्न योगदान पुऱ्याउने।

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं ५ बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. क्षेत्र छनौटः (१) वार्षिक स्वीकृत कार्यक्रम अनुसार जनघनत्वको आधारमा प्रदेश नं. ५ भित्र रहेका उप-महानगरपालिका वा नगरपालिकामा स्वीकृत वार्षिक कार्यक्रम अनुसार एग्रोमार्ट स्थापना गरिनेछ।

(२) कार्यक्रमको प्रभावकारिता तथा आवश्यकता पहिचानका आधारमा आगामि आ.व.मा थप गर्दै लगिनेछ।

५. प्रस्ताव आव्हान/छनौट तथा सञ्चालनः (१) मन्त्रालय/कार्यालयले एग्रोमार्ट स्थापना गर्न उपयुक्त स्थानका इच्छुक व्यवसायी, निजी संस्था वा सहकारीबाट प्रस्ताव पेश गर्न अनुसूची-१ को ढाँचामा राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सार्वजनिक सुचना प्रकाशन गर्नेछ।

(२) एग्रोमार्ट स्थापना गर्न इच्छुक साझेदार संस्थाले सूचनामा तोकिएका कागजात सहित मन्त्रालय/कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) प्रस्तावकले अनुसूची-४ बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(४) प्रस्तावकले पूर्व खरिद सम्झौता पेश गर्नु पर्नेछ।

(५) प्रस्तावकले खरिद प्रक्रियाको विस्तृत योजना पेश गर्नु पर्नेछ।

(६) प्रस्तावकले कारोबारको चौमासिक रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(७) मन्त्रालयले चाहेको बेलामा प्रस्तुती माग गर्न सक्नेछ।

६. प्रस्तावकलाई जानकारीः मन्त्रालय/कार्यालयले स्वीकृत गरेको प्रस्तावको जानकारी सम्बन्धित साझेदार संस्थाहरुलाई निर्णय भएको मितिले ७ दिन भित्र गराउनु पर्नेछ।

७. सम्झौताः (१) प्रस्ताव स्वीकृत भएका व्यवसायी, सहकारी वा निजी संस्थाहरुसँग एग्रोमार्ट स्थापना गर्नका लागि सम्पूर्ण भौतिक पूर्वाधार निर्माण कार्य र मेसिनरी उपकरणहरु जडान लगायतका कार्यहरु सञ्चालन गर्ने सम्झौता गर्न सूचना प्राप्त भएको १५ दिनभित्र सम्झौता गर्न आउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने व्यवसायी, सहकारी वा निजी संस्थासँग मन्त्रालय/कार्यालयले अनुसूची-६ बमोजिम सम्झौता गर्नु पर्नेछ।



सचिव

(३) उपदफा (१) बमोजिमको समय सीमाभित्र सम्झौता गर्न नआउने व्यवसायी, सहकारी वा निजी संस्थाको छनौट स्वतः रद्द भएको मानी प्राथमिकताक्रम सूची अनुसारको साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन।

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

८. समितिहरुको गठनः (१) कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधानको सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा तीन जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मन्त्रालयबाट कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (ग) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य |
| (घ) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा | सदस्य सचिव |

(४) कार्यालयबाट कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत, सम्बन्धित कार्यालय | अध्यक्ष |
| (ख) | प्रमुख योजना शाखा, सम्बन्धित कार्यालय | सदस्य |
| (ग) | प्रमुख कृषि शाखा, सम्बन्धित स्थानीय तह | सदस्य |
| (घ) | प्रमुख लेखा शाखा, सम्बन्धित कार्यालय | सदस्य |
| (ङ) | कार्यक्रम सञ्चालन गर्न तोकिएको अधिकृत/कर्मचारी, सम्बन्धित कार्यालय | सदस्य सचिव |

(५) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।



सचिव

(६) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्यका आधारमा स्वीकृतिका लागि सिफारिस गर्ने,

(ख) प्राप्त प्रस्तावहरु मध्ये कुनै वा सबै प्रस्तावहरु अस्पष्ट लागेको खण्डमा पूनः मूल्याङ्कन गर्नका लागि कार्यक्रम सिफारिस समितिमा फिर्ता पठाउन सक्नेछ भने आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण कार्य पुनः गराउन सक्नेछ।

(७) मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिको गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | अध्यक्ष |
| (ख) | प्रमुख | पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा | सदस्य |
| (ग) | प्रमुख | कानून तथा फैसला कार्यान्वयन शाखा | सदस्य |
| (घ) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) | प्रमुख | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा | सदस्य सचिव |

(८) कार्यालयबाट कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम हेर्ने शाखा प्रमुखको अध्यक्षतामा लेखा प्रमुख तथा सम्बन्धित शाखाको १ जना कर्मचारी सदस्य रहने गरी ३ देखि ५ सदस्यीय कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समिति गठन हुनेछ।

(९) कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(१०) यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी प्रस्तावक संस्थाहरुको प्राथमिकताक्रम सूची तयार गर्ने गराउने,

(ख) आवेदकबाट पेश भएको डिजाईन तथा लागत अनुमान सम्बन्धी कार्यहरुको अध्ययन तथा भौगोलिक सम्भाव्यता अध्ययनको लागि स्थलगत प्रमाणीकरण गर्ने गराउने र कार्यक्रम व्यवस्थापन समितिलाई प्रतिवेदन पेश गर्ने,

(ग) अनुसूची-५ बमोजिम प्रस्ताव मूल्याङ्कन गरी छनौटका लागि व्यवस्थापन समितिमा सिफारिस गर्ने।

## परिच्छेद-४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

९. अनुदान प्रवाह विधिः छनौट भई सम्झौता भएका साझेदार संस्थालाई प्रदान गरिने अनुदान देहाय बमोजिम हुनेछः-

(क) यस कार्यक्रममा सहभागी हुन चाहने व्यवसायी, निजी संस्था र सहकारीलाई मन्त्रालय/कार्यालयले लागत अनुमानको ५० प्रतिशत अनुदान उपलब्ध गराउने र ५० प्रतिशत रकम व्यवसायी वा निजी संस्था वा सहकारीले व्यहोर्नु पर्नेछ। अनुदान रकम बढीमा ५० लाखसम्म हुनेछ।

(ख) एग्रोमार्ट स्थापना गर्न मन्त्रालय/कार्यालयले भौतिक पूर्वाधारमा (डिस्प्ले हल, कार्यालय कोठा, पार्किङ्ग स्थल, शौचालय, गोदाम घर आदि) र औजार उपकरण (पार्टिसन, दराज, रेफ्रिजिरेटर आदि) खरिद तथा जडानमा बढीमा ५० प्रतिशत अनुदान व्यवस्थापन गर्न सक्नेछ र बाँकी रकम सम्बन्धित साझेदार संस्थाले व्यहोर्नु पर्नेछ।

(ग) कार्यप्रगतिको आधारमा माग बमोजिम रनिङ्ग बिल, प्राविधिक प्रतिवेदन तथा आवश्यक कागजातका आधारमा ३० प्रतिशत कार्यसम्पन्नता पश्चात २५ प्रतिशत, ७० प्रतिशत कार्यसम्पन्नता पश्चात ६० प्रतिशत र शतप्रतिशत कार्यसम्पन्नता पश्चात शतप्रतिशत रकम भुक्तानी गरिनेछ।

(घ) मन्त्रालय/कार्यालयले अनुदान रकम सम्बन्धित साझेदार संस्थालाई एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराउनेछ।

(ङ) पुँजिगत कार्यमा नियमानुसार कन्टेन्जेन्सी बापतको रकम कट्टा गरी मन्त्रालय/कार्यालयले नियमानुसार खर्च गर्न सक्नेछ।

## परिच्छेद-४

## अनुगमन र समन्वय

१०. अनुगमन : (१) अनुदानग्राहीले गर्ने कार्यक्रमको अनुगमन पाँच वर्षसम्म मन्त्रालय/कार्यालय, प्रदेश सरकारका सरोकारवाला निकायहरु तथा सम्बन्धित स्थानीय



सचिव

मा. आरती पौडेल
मन्त्री

तहले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालन गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ।

११. समन्वयः मन्त्रालय/कार्यालयले यस कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद -५

## विविध

१२. सार्वजनिक परीक्षण : यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१३. कारवाहीको व्यवस्थाः (१) सम्झौता अनुसारको कार्य नभएमा, प्राप्त रकम हिनामिना गरेमा वा नक्कली बिल भरपाई बनाई भुक्तानी लिएको प्रमाणित भएमा वा यस कार्यक्रम सञ्चालन विधि अनुरुप अनुदानको दुरुपयोग गरेमा अनुदानग्राहीलाई प्रचलित कानून अनुसार कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) साझेदार संस्थाले पाँच वर्षसम्म खर्चको विवरण मन्त्रालय/कार्यालयमा पेश गर्नु पर्नेछ।

१४. बाधा अड्काउ फुकाउः यस कार्यविधिको कार्यान्वयनमा केही द्विविधा आइपरेमा वा विवाद उत्पन्न भएमा मन्त्रालयको व्याख्या अन्तिमा व्याख्या हुनेछ।

१५. संशोधन तथा हेरफेर : (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्न सक्नेछ।

(२) यस कार्यविधिको अनुसूचीहरुमा आवश्यकता अनुसार मन्त्रालयले हेरफेर गर्न सक्नेछ।



सचिव

मा. आरती पौडेल
मन्त्री

## अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रस्ताव आव्हानको सूचनाको ढाँचा</u>**

प्रथम पटक प्रकाशित मितिः २०७६/ /

यस ............................ मन्त्रालय/कार्यालय, प्रदेश नं. ५, बुटवलको आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार एग्रोमार्ट स्थापना कार्यविधि, २०७६ बमोजिम एग्रोमार्ट स्थापना गर्न (उप-महानगरपालिका/नगरपालिका) का सहकारी संस्था, व्यवसायी, निजी संस्थाहरुले यो सूचना प्रकाशित भएको ३० दिन भित्र आईपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

<u>तपसिल</u> :

- अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन
- अनुसुची-३ बमोजिमको ढाँचामा प्रस्ताव पत्र पेज..........को ......... प्रति
- आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र
- संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) दर्ता तथा नवीकरण प्रमाण-पत्रको प्रतिलिपि
- प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिवद्वतापत्र
- अनुदानग्राहीले लगानीको पर्याप्त आधारहरु पेश गर्नुपर्ने
- जग्गाको लालपूर्जा/भाडा (कम्तिमा २० वर्षको) सम्झौता पत्रको प्रतिलिपी १ प्रति
- प्रस्ताव अनुसारको इन्जिनियरिङ्ग डिजाइन तथा लागत अनुमान
- अन्य सान्दर्भिक कागजातहरु..............

सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-२
(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

श्रीमान् सचिवज्यू
मिति: ....................

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/कार्यालय
प्रदेश नं. ५, रुपन्देही

विषयः एग्रोमार्ट स्थापनाको प्रस्ताव पेश गरेको बारे।

प्रस्तुत विषयमा तहाँ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/कार्यालयबाट मिति .................................. मा प्रकाशित गरिएको सूचना अनुसार ......................................... एग्रोमार्ट स्थापना गर्न आवश्यक भएकोले मन्त्रालय/कार्यालयले तोकेको शर्तको अधीनमा रही साझेदारीमा एग्रोमार्ट स्थापना गर्न आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी यो प्रस्ताव पेश गरेको छु।

संलग्न कागजातरु:

१.
२.
३.
४.

दस्तखत .............................
नाम .................................
पद .................................
ठेगाना .............................
संस्थाको नाम .....................
सम्पर्क नं. .........................
ईमेल .............................

संस्थाको छाप:



सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

अनुसूची- ३

<u>प्रस्ताव-पत्रको ढाँचा</u>

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

मा. आरती पौडेल
मन्त्री

| | | |
|---|---|---|
| क) प्राविधिक प्रस्तावः | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | |
| ६ | आवेदकको email address | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | आवेदक संस्थाको उमेर (दर्ता वा स्थापना पश्चातको अवधि वर्षमा) | |
| १० | स्थायी लेखा नम्बर/भ्याट दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रम वा उपकरणको अनुमानित लागत रु. | |
| ११.१ | | |
| ११.२ | | |
| ११.३ | | |
| ११.४ | | |
| १२ | प्रस्तावकले आफ्नै स्रोतबाट व्यहोर्ने रकम रु. | |
| १३ | मन्त्रालय/कार्यालयसँग माग गरेको रकम रु. | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १४.१ | | |
| १४.२ | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | |

| | | | | |
|---|---|---|---|---|
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १५.४ | खानेपानीको सुविधा | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

मा. आ[illegible] दौडेल
मन्त्री



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | (छ/छैन) | | | | | | | | | |
| १५.५ | आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन र यन्त्र उपकरणको किसिम र संख्या उल्लेख गर्ने: | | | | | | | | | |
| | भवन संख्या | | मेशिन संख्या | | सवारी साधन संख्या | | उपकरण संख्या | | | |
| | किसिम | | किसिम | | किसिम | | किसिम | | | |
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने जनसंख्या: | | | | | | | | | |
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुने जनसंख्या) | | पूरुष | महिला | दलित | जनजाती | अन्य | | | |
| | | | | | | | | | | |
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरुको विवरण: | | | | | | | | | |

| | | |
|---|---|---|
| १८.१ | मार्टमा बिक्री हुने सामान | शतप्रतिसत वा ७५ प्रतिसत वा ५० प्रतिसत वा सो भन्दा कम स्थानीय तह वा जिल्लाभित्रबाट आपूर्ति हुने |
| १८.२ | सामग्रीको स्रोत | आफ्नै उत्पादन वा करार खेती वा खुला बजारबाट खरीद हुने |
| १८.३ | आंफै खेती गर्ने भए जग्गाको किसिम | आफ्नो वा भाडाको वा दुबै |
| १८.४ | उत्पादनको किसिम | प्राङ्गारिक वा असल कृषि अभ्यास प्रयोग गरेको वा नखुलेको |
| १८.५ | कारोवारको मात्रा | दैनिक १ टन सम्म वा ३ टन सम्म वा ५ टन सम्म वा ५ टन भन्दा बढी |
| १८.६ | खरिद सम्बन्धी व्यवस्था | मुल्य तोकी खरिद सम्झौता भएको वा खरीद सम्झौता मात्र भएको वा खरिद समझौता नभएको |
| १८.७ | सामान खरिद गर्ने सम्झौता भएको किसान संख्या | ५० भन्दा कम/ ५० देखि १००सम्म/ १०१ देखि १५०सम्म/ १५१ देखि २०० सम्म वा २०० भन्दा बढी |
| १८.८ | सामान खरिद गर्ने सहकारी भए सहकारी संख्या | १ वटा/ ३ वटा/ ५ वटा/ ७ वटा/ ७ भन्दा बढी |
| १८.९ | लगानीको किसिम | एकल वा सामूहिक |
| १८.१० | सामूहिक भए लगानीको स्रोत | शेयर लगानी वा वचत परिचालन वा ऋण लगानी |



सचिव

मा. आरती पौडेल

| | योजना | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९.१ | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | |

| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुँदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने) | |
|---|---|---|
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |

| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने: | |
|---|---|---|
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २१.१ | | |
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |

| २२ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र): |
|---|---|
| २२.१ | |
| २२.२ | |
| २२.३ | |
| २२.४ | |

| २३ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रकम रु. | |
|---|---|---|

| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधि समेत खुलाउने | |
|---|---|---|
| | अनुभव तथा तालिमहरु | अवधि |
| २४.१ | | |
| २४.२ | | |
| २४.३ | | |

| २५ | प्रस्तावकसँग विद्यमान जनशक्ति विवरण | | |
|---|---|---|---|
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधि |



सचिव

मा. आरती पौडेल
मन्त्री

| | | | |
|---|---|---|---|
| २५.१ | | | |
| २५.२ | | | |
| २५.३ | | | |
| २५.४ | | | |
| २६ | प्रस्तावित कार्यक्रमले सिर्जना गर्ने थप रोजगारी संख्याः | | |

ख) आर्थिक प्रस्तावः प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण

| क.सं. | मुख्य मुख्य-क्रियाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर | कूल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | मन्त्रालय/कार्यालयबाट अनुदान रु. | प्रस्तावकले बेहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| | | | | जम्मा रकम रु. | | | | |
| | | | | VAT रकम रु. | | | | |
| | | | | कूल जम्मा रकम रु. | | | | |

उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं। कहि कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं।

प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

## अनुसूची-४

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

### आवश्यक मापदण्ड

१. कम्तिमा दुईवटा ३०*५०*९ क्यु. फिटको डिस्प्ले कोठा निर्माण (CGI ROOF) हुनु पर्नेछ।

२. हरेक डिस्प्ले कोठामा आवश्यकता अनुसार सापेक्षिक आद्रता कायम गर्ने वातानुकूलित यन्त्र जडान गर्नु पर्नेछ। हरेक डिस्प्ले कोठामा Auto Cooling Rack जडान गर्नु पर्नेछ।

३. जग्गाको स्वामित्व संस्थाको नाममा रहेको वा कम्तिमा २० वर्षको जग्गाको करारनामा हुनु पर्नेछ।

४. एग्रोमार्ट स्थापनाको लागि प्रस्ताव पेश गर्ने व्यवसायी वा निजी संस्था र सहकारीले पूर्वाधार निर्माण तर्फ आवश्यक कोठाहरु, गोदाम घर, आदि सुविधा सम्बन्धी सम्पूर्ण संरचनाहरु निर्माण गरेको हुनु पर्नेछ।

५. एग्रोमार्ट स्थापना गर्न कम्तिमा ११००० वर्ग फिट क्षेत्रफलको स्थान उपलब्ध गराउनु पर्नेछ। जसमा डिस्प्ले हल, कार्यालय कोठा (२-३ वटा), पार्किङ्ग स्थल, शौचालय, तापक्रम कायम गर्ने गोदाम घर (कम्तिमा ४ टन क्षमताको), फोहोर व्यवस्थापन कक्ष आदि रहनेछ। फोहोर व्यवस्थापन गर्न स्थानीयसँग सम्झौता गर्नुपर्नेछ।

६. एग्रोमार्ट स्थापनाको लागि मान्यता प्राप्त ईन्जिनियरिङ फर्म वा प्राविधिकबाट पूर्व सम्भाव्यता अध्ययन, डिजाईन, लागत अनुमान र कार्य योजना तयार गरी पेश गर्नु पर्नेछ।

७. कम्तिमा ५ वटा गाडी र २५ वटा मोटर साईकल पार्किङ्गको व्यवस्था हुनु पर्ने छ।

८. कार्यक्रम सञ्चालन हुने क्षेत्रमा सडक, नियमित विद्युत र खानेपानीको सुलभ पहुँच भएको हुनु पर्नेछ।

९. गुणस्तर युक्त स्वदेशी उत्पादन तथा स्थानीय कृषि बस्तुहरुको आपूर्तिको लागि प्रदेश भित्रका सबै जिल्लामा आपूर्तिकर्ताहरुको सञ्जाल भएकोलाई प्राथमिकता दिईनेछ।

सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-५

(दफा ८ को उपदफा (१०) खण्ड (ग) सँग सम्बन्धित)

**प्रस्ताव मूल्याङ्कनका आधारहरु**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अधिकतम अङ्क | कैफियत |
|---|---|---|---|
| १ | सहभागीको क्षेत्रगत अनुभव | ४ | ३ बर्ष भए ४ अङ्क, २ बर्ष भए ३ अङ्क, १ बर्ष भए २ अङ्क, नयाँ खोल्ने भए १ अङ्क। |
| २ | प्राविधिक पक्ष लगानीको हरेक क्रियाकलापको लागि कोटेसन भएको र लाभ लागतको साथै लगानीको प्रतिफल कति समयमा उठ्ने हो खुलेको | १६ | (१६,१२,१० वा रद्ध) |
| ३ | परियोजनाको किसिम | ५ | एकल भए ३ अङ्क, साझेदारी भए ४ अङ्क, सहकारी भए ५ अङ्क। |
| ४ | सामग्री व्यवस्थापन | १० | आफ्नै भए १० अङ्क, करारमा भए ८ अङ्क, खुला बजारबाट भए ६ अङ्क। |
| ५ | खरिद सम्झौताको किसिम | १० | मूल्य सहित खरिद सम्झौता भएको भए १० अङ्क, सम्झौता मात्र भएको भए ८ अङ्क, समझदारी मात्र भएको भए ६ अङ्क। |
| ६ | उत्पादनको किसिम | ५ | प्राङ्गारिक भए ५ अङ्क, असल कृषि अभ्यास मार्फत भए ४ अङ्क, नखुलेको भए ३ अङ्क। |
| ७ | आर्थिक पक्ष | १० | नगद मौज्दात भए १० अङ्क, ऋण वा लगानी सुनिश्चित भएको भए ८ अङ्क, नखुलेको भए ६ अङ्क। |
| ८ | अनुभव | ५ | ३ बर्ष वा सो भन्दा बढी भए ५ अङ्क, २ बर्ष पुगेको भए ४ अङ्क, १ बर्ष पुगेको भए ३ अङ्क, नयाँ खोल्ने भए २ अङ्क। |



सचिव

मा. आरती पौडेल
मन्त्री

| | | | |
|---|---|---|---|
| ९ | कारोवारको मात्रा | १० | दैनिक १ टन भए ५ अङ्क, ३ टन भए ७ अङ्क, ५ टन भए ९ अङ्क, ५ टन भन्दा बढी भए १० अङ्क। |
| १० | सामान सप्लाइ गर्ने किसान संख्या | २.५ | ५० भन्दा कम भए ०.५ अङ्क, ५० देखि १०० सम्म भए १ अङ्क, १०१ देखि १५० सम्म भए १.५ अङ्क, १५१ देखि २०० सम्म भए २ अङ्क, २०० भन्दा बढी भए २.५ अङ्क। |
| ११ | सामान सप्लाइ गर्ने सहकारीको संख्या | २.५ | १ वटा भए ०.५ अङ्क, ३ वटा सम्म भए १ अङ्क, ५ वटासम्म भए १.५ अङ्क, ७ वटासम्म भए २ अङ्क, ७ भन्दा बढी भए २.५ अङ्क। |
| १२ | रोजगारी सिर्जना | ५ | ३ जनासम्म २ अङ्क, ५ जनासम्म ३ अङ्क, ७ जनासम्म ४ अङ्क ७ जना भन्दा बढी भए ५ अङ्क। |
| १३ | अनुदान माग (आफुसँग विगतमा लगानी गरेको समेत) | १५ | कूल लगानीको २०% भए १५ अङ्क, ३०% भए १३ अङ्क, ४०% भए ११ अङ्क, ५०% भए ९ अङ्क। |
| | जम्मा | १०० | |

सचिव

अनुसूची-६

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

<u>सम्झौताको ढाँचा</u>

मा. आरती पौडेल
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/कार्यालय, प्रदेश नं. ५ को आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत एग्रोमार्ट स्थापना सम्बन्धी मिति .......... गतेको .......... .......... पत्रिकामा प्रकाशित सूचना बमोजिम पेश हुन आएका प्रस्तावहरु मध्ये मिति ........... मा बसेको कार्यक्रम स्वीकृत तथा मूल्याङ्कन समितीको बैठकबाट श्री .............. को प्रस्ताव छनौट भएको हुँदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री .................. (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी एग्रोमार्ट स्थापना र सञ्चालनका लागि द्विपक्षि सम्झौता गरि बुझिलियौं/दियौं।

तपसिलः

१. प्रथम पक्षले एग्रोमार्ट स्थापना तथा सञ्चालन सम्बन्धी कार्यक्रमको लागि विनियोजित रु. .................... मध्ये नियमानुसार कन्टिन्जेन्सी वापतको रु ........... कट्टा गरी दोस्रो पक्षलाई रु. ............ (अक्षरुपी.............................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ।

२. दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरी प्रदेश नं. ५ को ..................जिल्ला, ............स्थानीय तह ................... नं. वडाको ..................... भन्ने स्थानमा कार्यक्रम सम्पन्न गर्नु पर्नेछ।

३. स्वीकृत कार्ययोजनामा उल्लेखित क्रियाकलाप र सामग्रीहरुको लागि मात्र अनुदान रकम उपलब्ध हुनेछ।

४. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र स्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ।

५. कार्यक्रम सञ्चालनका लागि आवस्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्ग बिल, अन्तिम बिल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ।

६. दोस्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष निवेदन पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दोस्रो पक्षको बैङ्क खातामा प्रथम पक्षले किस्तावन्दीमा भुक्तानी दिनेछ।

७. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।



सचिव

८. दोस्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ।

९. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातको सन्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

१०. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित स्थानीय निकाय मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

११. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाटः | प्रथम पक्षको तर्फबाटः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |
| रोहवर | |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

ईति सम्वत् ............. साल ............... महिना ........ गते रोज ........ शुभम्।

नोट : सम्झौता हुँदाका बखत उल्लिखित बुँदाहरुमा आवश्यकता अनुसार थपघट गर्न सकिनेछ।

सचिव